जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ९ २०८१ साल साउन १० गते बिहीबार (25 July 2024 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : अपाङ्गता भएका व्यक्तिलाई सम्मान... ३ पृष्ठमा : अमेरिकी राष्ट्रपतिद्वारा राष्ट्रवासीका ...४ पृष्ठमा : कान उपचार सेवा...

# पूर्वसभापति खतिवडाका छोरी, ज्वाई र नातीको जहाज दुर्घटनामा मृत्यु

## पत्रकार सम्बद्ध संघसंस्थाद्वारा दुःख व्यक्त



**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष प्रकाश खतिवडाका छोरी, ज्वाई र नाबालक नातीको मृत्यु भएको छ ।

बुधबार बिहान ११ बजेतिर काठमाडौंस्थित त्रिभुवन विमानस्थल नजिकै भएको दुर्घटनामा उनका २५ वर्षिया छोरी प्रिजा, ३० वर्षिय ज्वाई मनुराज शर्मा र ४ वर्षिय नाती अधिराजको मृत्यु भएको हो ।

मनुराज सौर्य एयरलाइन्समा प्राविधिक पदमा कार्यरत थिए । प्रिजा भने उर्जा मन्त्रालयमा कम्प्युटर अपरेटर पदमा कार्यरत थिइन् । मनुराज जहाज मेन्टिनेन्स (मर्मत) कार्यका लागि अन्य प्राविधिकसहितको टोलीमा पोखरा जान लागेपछि पत्नी प्रिजालाई कार्यलयबाट र छोरा अधिराजलाई विद्यालयबाट बोलाएर पोखरा घुम्न लादै थिए ।

काठमाडौंबाट पोखराका लागि उडेको सो विमान ग्राउण्ड छाड्ने बित्तिकै अनियन्त्रित भई

*बाँकी अन्तिम पृष्ठमा*

# कर्मचारी आवश्यकता

**(प्रथम प्रटक प्रकाशित मिति २०८१/०४/१० गते)**

जनज्योती कृषि सहकारी संस्था लिमिटेड राजविराज ९ सप्तरीका लागि देहाय बमोजिम खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

१) आवश्यक पद, संख्या र योग्यता :

| बिज्ञापन नं | पद | संख्या | उमेर | सेवाको किसिम | योग्यता | वान्छनीय योग्यता |
|---|---|---|---|---|---|---|
| ०१ | सहायक लेखापाल | १ | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको | करार | व्यवस्थापन वा अर्थशास्त्र विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी सहकारी संघ संस्थामा कम्तिमा २ वर्ष काम गरेको अनुभव भएको । | कुम्प्युटर संचालन सम्बन्धि विशेष दख्खल भएको, २ पांग्रे सवारी साधनको चालक अनुमति प्राप्त |
| ०२ | लेखा अधिकृत | १ | २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको | करार | व्यवस्थापन वा अर्थशास्त्र विषयमा स्नातक वा सो सरह उतीर्ण गरी सहकारी संघ संस्थामा काम गरेको अनुभव | कम्प्युटर सञ्चालन सम्बन्धि विशेष दख्खल भएको, २ पाँग्रे सवारी साधनको चालक अनुमति प्रमाणपत्र प्राप्त |
| ०३ | बजार प्रतिनिधि | १ | १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको | करार | एसईई परिक्ष उतीर्ण, सम्बन्धित काममा अनुभव प्राप्त | लेखा सम्बन्धि सामान्य ज्ञान भएको, २ पाँग्रे सवारी साधनको चालक अनुमति प्रमाण पत्र प्राप्त |

२) छनौट प्रक्रिया : प्रयोगात्मक र अन्तरवार्ता
३) सेवा सुविधा : संस्थाको नियमानुसार
४) दरखास्त दिने स्थान संस्थाको कार्यालय राजबिराज ९ मलेठ
५) आवश्यक कागजातहरु हस्तलिखित दरखास्त नेपाली नागरिकता प्रमाणप्रत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणप्रत्रको प्रतिलिपि र अनुभवका प्रमाणहरु ।

**थप जानकारीका लागि**
जनज्याती कृषि सहकारी संस्था लि
राजविराज ९, मलेठ, सप्तरी
सम्पर्क नं : ०३१-५९०६०१, ६०२

पदपूर्ति उपसमिति
जनज्योति कृषि सहकारी संस्था लि.रा.बि.९ मलेठ

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १६ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०८१ श्रावण १३ गते सम्म ।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजबिराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

**संचालित कार्यक्रमहरु**

| | |
|---|---|
| डिप्लोमा तह | V-JTA भेटनरी जे.टी.ए. |
| H.A. (सामान्य चिकित्सा) | १८ महिने |
| अवधी : ३ वर्षे | P-JTA बाली विज्ञान |
| | १८ महिने |

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खूल्यो ॥।**

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (H.A.)
समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

**आजै सम्पर्क गर्नुहोस्**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### वर्षको सूरुवातदेखी नै बजेट कार्यान्वयन गर्ने तर्फ अग्रसरता देखाउ

वर्षभरि बजेट निकासा नगरिकन सालको अन्तिम समयमा जसरी भएपनि बजेट सकाउने परिपाटीले निरन्तरता पाइरहेको छ । जसले विकासको नाममा लुटतन्त्रको बाटो रोजेको हो । विगतमा पनि त्यही परिपाटी र अहिले पनि त्यही बाटो रोजेर गरिने कार्यप्रति सबै चकित परेका छन् । यसले भ्रष्टाचारलाई प्रोत्साहन दिइरहेको देखिन्छ । कुनै पनि चालु आ.ब.को १० महिनासम्म काम नगर्ने तर, एकदेखी २ महिनाको अवधीमा सम्पूर्ण काम सम्पन्न गर्ने पुरानै परिपाटीलाई निरन्तरता दिइने गरिएको पाइएको छ ।

यसरी जनप्रतिनिधिहरु यस्ता विषयमा गम्भिर नहुँदा उनीहरुमाथी विश्वसनियतामा पनि प्रश्न चिन्ह खडा गरेको छ । किन हतार हतारमा बजेट निकासा गरि योजना बाँडफाड गरिन्छ ? यो जनताको मात्र नभएर सबै सरोकारवालाको प्रश्न पनि हो । विकासीय मात्र नभएर अन्य तालिम, गोष्ठी, सेमिनार, सचेतना लगायतका कार्यक्रमहरु पनि वर्षको अन्तिम समयमै गरिन्छ । के वर्षको अन्तिम समयमा यस्ता कार्यक्रमहरु गरेर सकारात्मक सन्देश दिन्छ ? यस्ता कार्यक्रमहरु वर्षको सुरुवातमा गर्न सकिए त्यो कार्यान्वयन पनि हुन्छ सक्छ ।

तसर्थ वर्षको सूरुवातदेखी नै बजेट कार्यान्वयन गर्ने तर्फ अग्रसरता देखाउन सके पक्कै पनि त्यसले कामको चाप घट्न सक्छ । साथै अन्य कामहरु समेत प्रभावित नहुने र अनुगमन समेत गर्न सजिलो हुन्छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# अपाङ्गता भएका ब्यक्तिलाई सम्मान गरेर मात्र हुँदैन : नगर प्रमुख गुप्ता

**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**



सप्तरीको कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललनप्रसाद गुप्ताले विपद्को सम्भावित जोखिमबाट जोगिनका लागि न्युनीकरणका उपायहरु अपनाउनु आवश्यक रहेको बताएका छन् ।

युनिसेफको सहयोग र कञ्चनरुप नगरपालिकाको समन्वयमा तिलाठी कोईलाडी गाउँपालिकाले बुधबार कञ्चनरुप नगरपालिकामा आयोजना गरेको नगरपालिका स्तरीय अपाङ्गतामैत्री विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रममा बोल्दै नगर प्रमुख गुप्ताले यस्तो बताएका हुन् ।

खोलै खोलाले घेरिएको नगरपालिका र जंगली जनावरको आतंककाबीच सिमित श्रोत साधन भएपनि नगरपालिका काम गरिरहेको बताउँदै उनले सहकार्य र समन्वयबाट मात्रै कुनै पनि काम सफल हुने बताए ।

'अपाङ्गता भएका ब्यक्तिलाई सम्मान गरेर मात्र हुँदैन, उनीहरुलाई आय आर्जनमा कसरी लगाउन सकिन्छ ? त्यता तिर पनि सोच्नु जरुरी छ' उनले भने, 'सबै भौतिक संरचनाहरुलाई अपाङ्गता मैत्री बनाउनु जरुरी छ ।'

कञ्चनरुप नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ताको अध्यक्षतामा आयोजित अभिमुखीकरण कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामनारायण साह, प्रशासकीय अधिकृत नवराज खड्कासहितकाले नगरपालिकाले झेल्दै आएको विपद् सम्बन्धी समस्या तथा समाधानका लागि नगरपालिकाले गरेका पहलहरुका बारेमा जानकारी गराएका थिए ।

सो अभिमुखीकरण कार्यक्रममा अपाङ्गता सम्बन्धी राष्ट्रिय निर्देशक समितिका सदस्य सावित्रा घिमिरे, युनिसेफका अशोक कुमार झा, तिलाठी कोईलाडी गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झासहितकाले सहजीकरण गरेका थिए ।

कार्यक्रममा कञ्चनरुप नगरपालिकाको विपद् ब्यवस्थापन समिति र अपाङ्गता समन्वय समितिका पदाधिकारी तथा सदस्यहरु, सुरक्षा निकायका अधिकारीहरु, राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

युनिसेफको सहयोगमा तिलाठी कोईलाडी गाउँपालिकाद्वारा कञ्चनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिकामा नगरपालिका स्तरीय अपाङ्गता मैत्री

*बाँकी अन्तिम पृष्ठमा*


**शम्भुनाथ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

फोन नं. ०३१-४१०१११

पत्र संख्याः २०८१/०८२ चलानी नं.

**सूचना ! सूचना !! सूचना !!!**

**चालु आ.ब. २०८१/०८२ को सार्वजनिक हटिया ठेक्का सम्बन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/१० गते**

यस शम्भुनाथ नगरपालिकाको १४ औं नगरसभाबाट पारित आर्थिक बिधेय-२०८१ बमोजिम यस नगर क्षेत्र भित्र रहेको निम्न बमोजिमको साप्ताहिक तथा दैनिक रुपमा लाग्ने गुदरी हाट एक बर्षको लागि अगामी आ.ब. २०८१/०८२ (२०८२ असार मसान्त) सम्मको लागि ठेक्का बन्दोबस्ती लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रहि इच्छुक व्यक्ति/संघ संस्थाहरुबाट रित पुर्वकको शिलबन्दी दरभाउ पत्र आह्वानको लागि दोस्रो पटक ७ (सात) दिने यो सूचना प्रकाशन गरिएको छ ।

**निम्न**

| ठेक्का नं. | हटियाको नाम, बिवरण | ठेगाना/अवस्थित | एक बर्षको लागि न्युन्तम ठेक्का अङ्क | कै. |
|---|---|---|---|---|
| ०१/२०८१/०८२ | ट्राफिक हटिया | शम्भुनाथ न.पा.-२ र ३ | १५८३५५.९० | |
| ०५/२०८१/०८२ | कुशहा हटिया | शम्भुनाथ न.पा.-१२ | २९७००.०० | |

**नियम तथा शर्तहरु:**

१. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएके मितिबाट उपलब्ध हुनेछ। एउटा फाराममा एक मात्र हटियाको लागि शिलबन्दी गरी पेश गर्नु पर्नेछ।
२. शिलबन्दि दरभाउ पत्र खरिद गर्ने अन्तिम मितिः २०८१ श्रावण १६ गते बुधबार १२:०० बजे सम्ममा कार्यालयमा खरिद गर्नु पर्नेछ।
३. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने अन्तिम मितिः २०८१ श्रावण १६ गते बुधबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
४. शिलबन्दि दरभाउ पत्र मिति २०८१ श्रावण १७ गते बिहिबार दिनको १:०० बजे खोलिनेछ ।
५. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ ।
६. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन ।
७. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ ।
८. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठोना स्थित बैंक खाता नं. २३२०१००३०३००००८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर तथा नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि शिलबन्दी खाममा राख्नु पर्नेछ ।
९. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदै वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१००३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ। एकमुष्ठ रकम बुझाएमा १०% छुट दिइनेछ।
१०. एकमुष्ठ रकम नबुझाई किस्ता बन्दीमा बुझाउनेले तिन किस्तामा बुझाउँदा पहिलो किस्ता बापत कबोल अङ्कको ४० प्रतिशत स्वीकृत भएको मितिले सात दिन भित्र बुझाई बाँकी दुई किस्ता रकम बराबरको बैंक जमानत पेश गर्नु पर्नेछ। अन्यथा सम्झोता गरिनेछैन। किस्ता बन्दीमा कुनै किसिमको छुट दिईनेछैन ।
११. दोस्रो किस्ता बापतको कबोल अङ्कको ३० प्रतिशत रकम ठेक्का साकार गरेको ६ महिना भित्र र बाँकी तेस्रो अन्तिम किस्ता बापतको कबोल अङ्कको बाँकी ३० प्रतिशत रकम ठेक्का साकार गरेको मितिले ९ महिना भित्र बुझाउनु पर्नेछ ।
१२. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कते उजुर बाजुर लाग्ने छैन ।
१३. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१४. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।
१५. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको देखि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन ।
१६. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।
१७. हटिया ठेक्का सम्बन्धि अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

# शम्भुनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कठौना, सप्तरी
## मधेश प्रदेश, नेपाल

फोन नं. ०३१-४१०१११

पत्र संख्याः २०८१/०८२ चलानी नं.

## सूचना ! सूचना !! सूचना !!!

**चालु आ.ब. २०८१/०८२ को सार्वजनिक, ऐलानी पोखरी, दह, ताल ठेक्का सम्बन्धि शिलबन्दी दरभाउ आह्वानको सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/१० गते**

यस शम्भुनाथ नगरपालिकाको १४ औं नगरसभाबाट पारित आर्थिक बिधेय-२०८१ बमोजिम यस नगर क्षेत्र भित्र रहेको निम्न बमोजिमको सार्वजनिक ऐलानी, पोखरी, दह, ताल तिन बर्षको लागि अगामी आ.ब. २०८१/०८२ देखि आ.ब. २०८३/०८४ (२०८४ असार मसान्त) सम्मको लागि ठेक्का बन्दोबस्ती लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रहि इच्छुक व्यक्ति/संघ संस्थाहरुबाट रित पुर्वकको शिलबन्दी दरभाउ पत्र आह्वानको लागि दोस्रो पटक ७ (सात) दिने यो सूचना प्रकाशन गरिएको छ ।

निम्न

| ठेक्का नं. | पोखरीको नाम, बिवरण | ठेगाना/अवस्थित | तिन बर्षको लागि न्युन्तम ठेक्का अङ्क | कै. |
|---|---|---|---|---|
| ०६/२०८१/०८२ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण बिकास समितिबाट निर्मित पोखरी खैरबोना | शम्भुनाथ न.पा.-२ | ५८५००.०० | |
| ०७/२०८१/०८२ | बाबाजी पोखरी (गोबिन्द दास जगह) | शम्भुनाथ न.पा.-३ | ११२५९४.५० | |
| ०८/२०८१/०८२ | जर्मन पोखरी | शम्भुनाथ न.पा.-३ | २३०७५५.५० | |
| ०९/२०८१/०८२ | महिला पोखरी | शम्भुनाथ न.पा.-३ | ६७७६९.१० | |
| १०/२०८१/०८२ | टेरवा पोखरी | शम्भुनाथ न.पा.-३ | ३१७६९९.१० | |
| ११/२०८१/०८२ | भोकर दह | शम्भुनाथ न.पा.-३ | ४५६३०४.५० | |
| १२/२०८१/०८२ | पुरानो पोखरी (जर्मन महिला पोखरी) | शम्भुनाथ न.पा.-४ | १४४०००.०० | |
| १३/२०८१/०८२ | जवाहर पोखरी सखुवा टोल | शम्भुनाथ न.पा.-४ | ९९०००.०० | |
| १४/२०८१/०८२ | नरहैया टोलको बिचमा रहेको पुरानो पोखरी | शम्भुनाथ न.पा.-४ | ७२०००.०० | |
| १५/२०८१/०८२ | महिला पोखरी लतियाही | शम्भुनाथ न.पा.-६ | ४५०००.०० | |
| १६/२०८१/०८२ | लतियाही मुसहरी देखी पुर्वको पोखरी | शम्भुनाथ न.पा.-६ | ४२३००.०० | |
| १७/२०८१/०८२ | कठौना पश्चिमबारी टोलको ठुलो पोखरी | शम्भुनाथ न.पा.-६ | ९३०००.०० | |
| १८/२०८१/०८२ | भोलाबाबा-१, भगवतपुर | शम्भुनाथ न.पा.-७ | ८५८००.०० | |
| १९/२०८१/०८२ | भोलाबाबा-२, भगवतपुर | शम्भुनाथ न.पा.-७ | ८३७००.०० | |
| २०/२०८१/०८२ | मोहनपुर हरकट्टी स्कुल छेउको पोखरी | शम्भुनाथ न.पा.-७ | १७१०००.०० | |
| २१/२०८१/०८२ | मिलन चौक देखि पुर्व राजमार्ग देखि उत्तरको पोखरी | शम्भुनाथ न.पा.-८ | ३२४००.०० | |
| २२/२०८१/०८२ | मिलन चौक देखि पुर्व राजमार्ग देखि दक्षिणको पोखरी | शम्भुनाथ न.पा. -८ | ३२४००.०० | |
| २३/२०८१/०८२ | आधारभुत बिद्यालय ठिकहा नजिकको पोखरी | शम्भुनाथ न.पा. -८ | ६७५००.०० | |
| २४/२०८१/०८२ | देवधार ताल | शम्भुनाथ न.पा. -८ | १५३९००.०० | |
| २७/२०८१/०८२ | मरिक घर नजिकको पोखरी | शम्भुनाथ न.पा.-९ | ४५०४५.९० | |
| २९/२०८१/०८२ | डेढवा पोखरी साविक अर्नाहा-४ | शम्भुनाथ न.पा.-१२ | ५६२५००.०० | |
| ३०/२०८१/०८२ | पुर्णी पोखरी साविक अर्नाहा-५ | शम्भुनाथ न.पा.-१२ | २७०९००.०० | |
| ३१/२०८१/०८२ | लभकी पोखरी साविक अर्नाहा-८ | शम्भुनाथ न.पा.-१२ | २५३८००.०० | |

**नियम तथा शर्तहरु:**

१. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएके मितिबाट उपलब्ध हुनेछ। एउटा फाराममा एक मात्र पोखरीको लागि शिलबन्दी गरी पेश गर्नु पर्नेछ।
२. शिलबन्दि दरभाउ पत्र खरिद गर्ने अन्तिम मितिः २०८१ साउन १६ गते बुधबार १२:०० बजे सम्ममा कार्यालयमा खरिद गर्नु पर्नेछ।
३. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने अन्तिम मितिः २०८१ साउन १६ गते बुधबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
४. शिलबन्दि दरभाउ पत्र मिति २०८१ श्रावण १७ गते बिहिबार दिनको १:०० बजे खोलिनेछ ।
५. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ ।
६. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन ।
७. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ ।
८. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठौना स्थित बैंक खाता नं. २३२०१००३०३००००८ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर तथा नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि शिलबन्दी खाममा राख्नु पर्नेछ ।
९. ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदे वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१००३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ। ठेक्का कबोल गरेको रकम एकमुष्ठ बुझाएमा १०% छुट दिइनेछ।
१०. एकमुष्ठ रकम नबुझाई किस्ता बन्दीमा बुझाउनेले तिन किस्तामा बुझाउँदा पहिलो किस्ता बापत कबोल अङ्कको ४० प्रतिशत स्वीकृत भएको मितिले सात दिन भित्र बुझाई बाँकी दुई किस्ता रकम बराबरको बैंक जमानत पेश गर्नु पर्नेछ। अन्यथा सम्झौता गरिनेछैन। किस्ता बन्दीमा कुनै किसिमको छुट दिईनेछैन ।
११. दोस्रो किस्ता बापतको कबोल अङ्कको ३० प्रतिशत रकम ठेक्का साकार गरेको आर्थिक बर्षको असार मसान्त भित्र र बाँकी तेस्रो अन्तिम किस्ता बापतको कबोल अङ्कको बाँकी ३० प्रतिशत रकम ठेक्का साकार गरेको मिति अगामी आ.ब.को असार मसान्त भित्र बुझाउनु पर्नेछ ।
१२. ठेकेदारले सम्झोताको शर्त, नियम र प्रचलित ठेक्का सम्झोता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन ।
१३. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१४. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।
१५. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको देखि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन ।
१६. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।
१७. उपरोक्त माथि उल्लेखित सार्वजनिक दह, ताल, पोखरी कुनै व्यक्ति, संघ, संस्थाको निजि हक भोगको रहे भएमा सूचनामा उल्लेखित म्याद भित्र उक्त दह, ताल, पोखरीको आवश्यक प्रमाण कागजात सहित यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । तोकिएको समय भित्र सम्पर्क गर्न नआएमा पछि कुनै किसिमको उजुरी बाजुरी गर्न पाईनेछैन ।
१८. यस नगरपालिकाले लगाएको सार्वजनिक पोखरी ठेक्का लिने ठेकेदारले उक्त पोखरी तथा पोखरीको चारै महार (डिल) तथा महारमा लगाइएको फलफुलको बोटबिरुवाबाट हुने उत्पादन समेतको हकभोग गर्न पाउनेछ साथै ठेक्का अबधी सम्म उक्त महार तथा फलफुलको बोटबिरुवाहरुको संरक्षण समेत गर्नुपर्ने छ ।
१९. ठेकेदारले ठेक्का साकार गरेको पोखरी सम्झौता बमोजिमको अवधी समाप्त हुनु भन्दा ३५ दिन अगाबै खालि गरि सक्नु पर्नेछ । उक्त पोखरी खाली गर्न बिद्युतिय प्रवाह तथा बिषादी प्रयोग गरी माछा मार्न पाईनेछैन ।
२०. सूचनामा उल्लेखित सार्वजनिक दह, ताल, पोखरी बाहेक यस नगरपालिका क्षेत्र भित्र कुनै अन्य छुट भएमा सार्वजनिक दह, ताल, पोखरी भए रहेमा यस नगरपालिकाको राजश्व शाखाको सम्पर्क नम्बर ९८४२८३३३०३ मा जानकारी गराउनु हुन सम्बन्धित सबै नगरवासीमा अनुरोध छ ।
२१. पोखरी ठेक्का सम्बन्धि अन्य व्यवस्था नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

# विश्व समाचार

## अमेरिकी राष्ट्रपतिद्वारा राष्ट्रवासीका नाममा सम्बोधन गर्नुहुने

वासिङ्टन, ९ साउन (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार देशबासीका नाममा सम्बोधन गरी आफू नोभेम्बरमा हुने चुनावबाट किन पछि हटेको भन्ने बारे व्याख्या गर्ने बताइएको छ ।

उपराष्ट्रपति कमला ह्यारिस र डोनाल्ड ट्रम्पबीच बाइडेनको राष्ट्रपतीय उम्मेद्वारबाट फिर्ता हुने निर्णयका बिषयमा जारी सवाल जवाफबीच बाइडेनले राष्ट्रका नाममा सम्बोधन गर्दै आफूले राजीनामा दिने ऐतिहासिक निर्णय गरे पनि आफ्नो कार्यकाल अझै पूरा नभएको र आफू बाँकी काम गर्न सक्षम रहेको धारण राख्नुहुनेछ ।

स्थानीय समयअनुसार बिहीबार राति ८:०० बजे प्राइमटाइम टेलिभिजनमा प्रसारण हुने सम्बोधनमा ८१ वर्षीय डेमोक्र्याट नेताले 'भविष्यमा के हुन्छ र अमेरिकी जनताका लागि आफूले कसरी काम पूरा गर्नुहुनेछ भन्ने विषयमा आफ्ना धारणा राख्ने बताउनुभएको छ ।

आठदेखि १० मिनेटसम्म चल्ने यो भाषण ट्रम्पविरुद्धको कमजोर बहस प्रदर्शन र उम्मेदवारी त्याग्न गरिएको हप्तौंको दबाबपछि आइतबार दौडबाट अलग्गिएको घोषणापछिको पहिलो सम्बोधन हुनेछ ।

कोभिड सङ्क्रमणपछि डेलावेयर तटस्थित आफ्नो घरमा एकान्त ( आइसोलेसनमा) रहेको बेला उहाँले अमेरिकीलाई आफ्नो आश्चर्यजनक निर्णयबारे थप जानकारी दिने वाचा गर्नुभएको थियो ।

जुलाई १३ मा ट्रम्पविरुद्ध हत्याको प्रयासपछि ओभल अफिसबाट भएको उहाँको पछिल्लो सम्बोधनको एक हप्ताभन्दा बढी समयपछि यो सम्बोधन हुन लागेको हो ।

डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदको उम्मेदवार बनेकी ह्यारिस र ट्रम्प दुवै चुनावी अभियानमा फर्किएपछि बाइडेनले अमेरिकीलाई आफू राजनीतिबाट अबकास लिएको व्यक्ति नभएको वा आफ्नो राजनीतिक जीवन नसकिएको प्रमाणित गर्न कडा सङ्घर्ष गर्नुहुनेछ ।

रिपब्लिकनले बाइडेनलाई पूर्णरुपमा राजीनामा दिन आग्रह गर्दै यदि उहाँ पुनःनिर्वाचित हुन योग्य नभएको निश्कर्ष सही भए उहाँले राष्ट्रपतिका रूपमा काम गर्न पनि योग्य नहुने दावी गर्दै आएका छन् ।

## जर्मनीद्वारा हेजबुल्लाहसँग सम्बन्धित इस्लामवादी समूहलाई प्रतिबन्ध

बर्लिन, ९ साउन (रासस/एएफपी) ।

जर्मनीले लेबनानको इरान समर्थित हेजबुल्लाह समूहलाई समर्थन गरेको आरोपमा मुस्लिम धार्मिक सङ्गठन 'ह्याम्बर्ग इस्लामिक केन्द्र'लाई बुधबार प्रतिबन्ध लगाएको छ ।

"संविधान विरोधी उद्देश्यहरू पछ्याउने इस्लामवादी चरमपन्थी सङ्गठन भएकाले ह्याम्बर्ग इस्लामिक केन्द्र र यससँग सम्बद्ध संस्थाहरूलाई जर्मनीभरी प्रतिबन्ध लगाइएको छ," आन्तरिक मन्त्रालयले एक विज्ञप्तिमार्फत जानकारी गराएको छ ।

उक्त समूहले इरानका क्रान्तिकारी नेताको प्रत्यक्ष प्रतिनिधित्व गर्ने गरेको र तेहरानको विचारधारालाई पनि आक्रामक र उग्रवादी ढङ्गले फैलाएको आरोप मन्त्रालयले लगाएको छ ।

जर्मनीका अनुसन्धानकर्ताले बुधबार जर्मनीभरी केन्द्रसँग सम्बन्धित मानिएका ५३ वटा स्थानमा छापा मारेका थिए ।

जर्मनीले हेजबुल्लाहलाई 'शिया आतङ्कवादी सङ्गठन' रहेको दाबी गर्दछ र सन् २०२० मा यस समूहलाई आफ्नो भूमिमा प्रतिबन्ध लगाएको थियो ।

सन् १९५३ मा इरानी आप्रवासीहरूद्वारा स्थापित ह्याम्बर्ग इस्लामिक केन्द्र केही समयदेखि घरेलु गुप्तचरद्वारा निगरानीमा रहेको थियो ।

## जुलाई २२ विश्वकै सबैभन्दा तातो दिनको रूपमा रेकर्ड

पेरिस, ९ साउन (रासस/एएफपी) ।

युरोप, एसिया र उत्तर अमेरिकाका अधिकांश भूभागमा अत्यधिक तापक्रम बढेपछि युरोपेली सङ्घ (इयू) को जलवायु अनुगमनकर्ताले जुलाई २२ मा लगातार दोस्रो दिन पृथ्वीमा अत्यधिक तातो भएको जनाएको छ ।

कोपर्निकस क्लाइमेट चेन्ज सर्भिस (सिथ्रिएस)को प्रारम्भिक तथ्याङ्कअनुसार सोमबार दैनिक औसत तापक्रम १७.१५ डिग्री सेल्सियस पुगेको थियो । यसको एक दिनअघि अर्थात् जुलाई २१ मा ०.०६ डिग्री सेल्सियस कम तातो थियो । यद्यपि, यो एक वर्ष पहिले रेकर्ड भएको सर्वकालिक उच्च तापमानभन्दा सामान्य बढी हो ।

पृथ्वीको तथ्याङ्क प्रयोग गरेर वास्तविक समयको नजिक विश्वव्यापी वायु र समुद्री तापमान अद्यावधिक गर्ने संस्था कोपर्निकसको आँकडा अस्थायी रहेको र अन्तिम मानहरू धेरै फरक हुनसक्ने बताइएको छ ।

"जलवायु विज्ञानले हामीलाई भनेको कुरा यही हो कि यदि विश्वले कोइला, तेल र ग्याँस जलाइरह्यो भने तापक्रम वृद्धिले भयावह स्थितिको सिर्जना गर्नसक्छ," इम्पेरियल कलेज लण्डनका जलवायु वैज्ञानिक जोइस किमुताइले भन्नुभयो ।

सन् २०२३ को जुनदेखि हरेक महिना अघिल्लो वर्षको सोही महिनाको तुलनामा तापक्रम वृद्धि रेकर्ड मापन गरिएको छ, सीथ्रीएसका निर्देशक कार्लो बुओनटेम्पोले मङ्गलबार यसलाई 'वास्तवमै आश्चर्यजनक' भन्नुभएको छ ।

जलवायु परिवर्तनले लामो, कडा र अत्यधिक चरम मौसमी घटनाको जोखिम निम्ताइरहेको छ र यसले यो वर्ष संसारभरका ठूला विपत्तिहरूलाई सङ्केत गरिएको छ ।

# कान उपचार सेवा केन्द्रको नयाँ भवन शिलान्यास

र तोकिएको समय भित्र अढाई तल्ले भवनको नयाँ संरचना तयार भई सेवा प्रारम्भ हुने उनको कथन छ ।

उनले इम्प्याक्ट नेपाल कै सहयोगमा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ६ मा बर्थिङ सेन्टर निर्माण कार्य पनि थालिएको र २०८१ मंसिर १५ गते भित्र सो पालिकालाई उक्त भवन हस्तान्तरण गर्ने लक्ष्य रहेको जानकारी समेत दिए ।



**दैनिक समाचारदाता**
**राजविराज, ९ साउन ।**

समाजसेवी जोगेन्द्र भगतले २ करोड २५ लाख मुल्य बराबरको १ कठ्ठा डेढ धुर जग्गा निःशुल्क उपलब्ध गराएपछि कान उपचार सेवा केन्द्रले आफ्नै भवनबाट उपचार सेवा उपलब्ध गराउने भएको छ ।

कान उपचार सेवा केन्द्रको संचालनमा सहयोग गर्दै आएको इम्प्याक्ट नेपालका कार्यक्रम व्यवस्थापक पुष्पा भण्डारीले अबको ९ महिना भित्र केन्द्रले आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रदान गर्ने भएको बताइन् । उनले नयाँ भवनबाट थप विशेषज्ञ चिकित्सकहरुबाट सेवा प्रदान गरिने र यसबाट यस भेगका कानका विरामी लाभाविन्त हुने विश्वास समेत व्यक्त गरिन ।

समाजसेवी भगतले निःशुल्क जग्गा उपलब्ध गराएपछि बुधवार भवन निर्माणको शिलान्यास कार्य पनि सम्पन्न भएको छ । उनका धर्मपत्नी ठाको देवीसहित पुगेका भगतले केन्द्रको नयाँ भवन निर्माण कार्यको शिलान्यास स्वयंले गरेका छन् ।

विगत १४ वष देखि इम्प्याक्ट नेपाल नामक गैरसरकारी संस्थाले संचालन गर्दै आएको सो कान उपचार केन्द्रको नयाँ भवन निर्माण कार्य सम्पन्न भएपछी जग्गादाता भगत दम्पतीको समेत नाम जोडी ठाको देवी-जोगेन्द्र भगत कान उपचार केन्द्र नामाकरण गर्ने समेत तयारी भएको केन्द्रको राजविराजका कानरोग सहायक प्राविधिक नरेश कुमार यादवले जानकारी दिए ।

उक्त नयाँ भवन निर्माणका लागी इम्प्याक्ट नेपालले २ करोड ५१ लाख रुपैया लगानी गरेको इम्प्याक्ट नेपालका कार्यकारी निर्देशक रमाकान्त पौडेलले बताए । ९ महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी उक्त भवन निर्माण कार्यको ठेक्का काठमाण्डौंस्थित भगवती ग्रुप अफ कन्स्ट्रक्शन प्रा.लि.लाई दिइएको

## पूर्वसभापति ...

दुर्घटनामा परेको थियो ।

दुर्घटनामा विमानमा सवार १९ जना मध्ये १८ जनाको घटनास्थलमै मृत्यु भएको छ भने पाइलट मनिष शाक्यलाई जिवितै अवस्थामा उद्धार गरि उपचारका लागि केएमसी अस्पताल भर्ना गरिएको छ ।

यसैबीच पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, कोषाध्यक्ष नवीन गुप्ता, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनय कुमार लाल कर्ण, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, महासंघका पूर्व सभापति एवं प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य सतिश कुमार दत्तले छुट्टाछुट्टै शोक वक्तव्य मार्फत घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्ति एवं शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना समेत गरेका छन् ।

## अपाङ्गता भएका ...

विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन सम्बन्धी एक दिने अभिमुखीकरण गर्ने कार्यक्रम रहेको विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।


## डेंगीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु समय सामयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## शम्भुनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कठौना, सप्तरी
### मधेश प्रदेश, नेपाल

फोन नं. ०३१-४१०१११

पत्र संख्या: २०८१/०८२ चलानी नं.

**सूचना ! सूचना !! सूचना !!!**

**आन्तरिक आय (बिज्ञापन कर) सम्बन्धि शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०४/१० गते**

शम्भुनाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कठौना, सप्तरीले स्थानीय सरकार संचालन ऐन, २०७४ मधेश प्रदेश र शम्भुनाथ नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दररेटका आधारमा बिज्ञापन कर संकलन गर्न ३ (तिन) आ.ब. को लागि ठेक्का बन्दोबस्ती गर्न रीतपुर्वक **दोस्रो पटक यो** ७ (सात) दिने शिलबन्दी दरभाउ पत्र आह्वान गरीएको छ । योग्यता पुगेका इच्छुक फर्म/कम्पनीले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही तोकिएको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**बिज्ञापन कर**

| ठेक्का नं. | न्युनुन्तम कबोल रकम (भ्याट समेत) रु. | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|
| ३२/२०८१/०८२ | **रु. ८६,३५०.०० (एक आर्थिक बर्षको लागि)** | रु. ५००.०० | |

**नियम तथा शर्तहरु:**

१. विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम यस नगर क्षेत्र भित्र होडिङ्ग बोर्डबाट बिज्ञापन गर्न चाहने संघ/संस्था, एजेन्सी, व्यवसायीहरु लगायतले यस नगरपालिकाबाट अनुमति पत्र लिनुपर्नेछ ।
२. ठेक्का फाराम दस्तुर रु. ५००/- (पछि फिर्ता नहुने गरी) नगद बुझाउनु पर्नेछ। ठेक्का फाराम यस नगरपालिकाको राजश्व शाखाबाट सूचना प्रकाशन भएके मितिबाट उपलब्ध हुनेछ।
३. शिलबन्दि दरभाउ पत्र खरिद गर्ने **अन्तिम** मितिः २०८१ साउन १६ गते बुधबार १२:०० बजे सम्ममा कार्यालयमा खरिद गर्नु पर्नेछ।
४. शिलबन्दि दरभाउ पत्र दर्ता गर्ने **अन्तिम** मितिः २०८१ साउन १६ गते बुधबार कार्यालय समय भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
५. शिलबन्दि दरभाउ पत्र मिति २०८१ श्रावण १७ गते बिहिबार दिनको १:०० बजे खोलिनेछ ।
६. शिलबन्दि दरभाउ पत्र दर्ता तथा खोलिने दिन सार्वजनिक बिदा परे सो को भोलि पल्ट हुनेछ ।
७. खरिदको लागि संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको फोटोकपि र निवेदन ।
८. कबोल अंकको लागि तोकिएको न्युन्तम दर रेट भन्दा कम भएमा फाराम स्वतः रद्द हुनेछ ।
९. शिलबन्दी दरभाउ पेश गर्दा आफूले कबोल गरेको ठेक्का अंकको ५% ले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कठोना स्थित बेंक खाता नं. २३२०१००३०३००००८ मा नगद जम्मा गरेको सक्कल बेंक भोचर, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण भएको, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि शिलबन्दी खाममा राख्नु पर्नेछ ।
१०. यो ठेक्काको अबधी अगामी आ.ब. २०८१/०८२ देखि आ.ब. २०८३/०८४ को असार मसान्त सम्म जम्मा तिन बर्षको लागि लागु हुनेछ ।
११. ठेक्का साकार गरेको अङ्कमा प्रति बर्ष १०% का दरले बृद्धि गरी रकम बुझाउनु पर्नेछ ।
१२. यो ठेक्का स्विकृत भएको रकम स्विकृत भएको मितिले ७ दिन भित्र एकमुष्ठ नगदे वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. २३२०१००३०१०१०००८ मा जम्मा गरी भौचर बुझाउनु पर्नेछ।
१३. दोस्रो बर्षको लागि ठेक्का कबोल गरेको अङ्कको १० प्रतिशत थप गरी हुन आउने रकम २०८२ श्रावण मसान्त भित्र बुझाउनु पर्नेछ तथा तेस्रो बर्षको लागि ठेक्का कबोल गरेको अङ्कको दोस्रो बर्षमा बुझाएको रकममा १० प्रतिशत थप गरी हुन आउने रकम २०८३ श्रावण मसान्त भित्र बुझाउनु पर्नेछ ।
१४. बिज्ञापन कर संकलन गर्दा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को अधिनमा रहि संकलन गर्नु पर्नेछ ।
१५. ठेकेदारले सम्झौताको शर्त, नियम र प्रचलित ठेक्का सम्झौता ऐन, नियम तथा नगरपालिकाको प्रत्यक्ष नीति, निर्देशनमा रहि सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै बखत नगरपालिका कार्यालयले एक तर्फी सम्झौता भङ्ग गरी बेकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहि कतै उजुर बाजुर लाग्ने छैन ।
१६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।
१७. पेश्की वा बाँकी बक्यौता हुनेले बक्यौता रकम नबुझाई कुनै पनि ठेक्कामा भाग लिन पाउने छैन।
१८. ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको देखि प्रकोप आदी भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्ने र सो कबोल गरेको रकममा मिनाहा हुनेछैन ।
१९. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको सिलबन्दि दरभाउ फाराम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाईने छैन ।



## माइग्रेशन हराएको सूचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ४ हाल ३ बस्ने प्रिती कुमारी साफीको माइग्रेशन प्रमाणपत्र रजिष्ट्रेशन नं. ७७१५३००२८ र परिक्षा सिम्वल नं. २१५०२५५० रहेको कागजातहरु राजविराजबाट बिराटनगरतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : प्रिती कुमारी साफी**
**मोबाइल नं. ९८०४७४६७९९**



## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
**९८४२८२१०८२, ९८१९७२५०८२**

राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*